# लुम्बिनी प्रदेश सरकारको विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता

लुम्बिनी प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल

जेठ, २०८३

माननीय आर्थिक मामिला तथा योजना
मन्त्री धनेन्द्र कार्कीले
प्रदेश सभामा प्रस्तुत गर्नु भएको

# लुम्बिनी प्रदेश सरकारको विनियोजन विधेयक, २०८३ का
# सिद्धान्त र प्राथमिकता

लुम्बिनी प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल

जेठ ७, २०८३

**माननीय सभामुख महोदय,**

लुम्बिनी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०८१ को दफा १० मा भएको व्यवस्था बमोजिम लुम्बिनी प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले विनियोजन विधेयक,२०८३ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न यस गरिमामय सभामा उपस्थित भएको छु।

नेपालको संविधान जारी भई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुरुप प्रदेश सरकारबाट **आठ वटा बजेट कार्यान्वयन भई नवौं बजेट** तर्जुमाको क्रममा रहेको छ। यस अवधिमा भौतिक पूर्वाधार विकास, आर्थिक तथा सामाजिक रुपान्तरण,मानव विकास र सुशासन प्रवर्द्धनको क्षेत्रमा महत्वपूर्ण उपलब्धि भएका छन्। असीमित आवश्यकताबीच सीमित स्रोत साधनको प्रभावकारी परिचालनबाट विकासका महत्वपुर्ण आधारशिला तयार भएका छन्। यस अवधिमा प्राप्त भएका उपलब्धीलाई संस्थागत गरी लुम्बिनी प्रदेश सरकारको "**समृद्ध लुम्बिनीः खुसी नागरिक**" को दीर्घकालीन सोच अनुरुप अर्थतन्त्रलाई गतिशिल बनाई जनताको जीवनस्तरमा गुणात्मक परिवर्तन हुने अपेक्षा गरेको छु।

नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख समृद्ध अर्थतन्त्र, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीतिहरु, राज्य शक्तिको बाँडफाँट सम्बन्धमा संविधान प्रदत्त अधिकार, संघीय सरकारको स्रोहौं र प्रदेश सरकारको दोस्रो आवधिक

योजना, दिगो विकास लक्ष्य र नेपाल सरकारको नीति तथा कार्यक्रमलाई महत्वपूर्ण आधारको रुपमा लिएर आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताहरू तय गरेको छु।

**माननीय सभामुख महोदय,**

नेपालको संविधान, सोह्रौं योजना, दिगो विकास लक्ष्य, संघीय शासन प्रणालीको मर्म, नेपाल सरकारको नीति तथा कार्यक्रम, डिजिटल नेपाल फ्रेमवर्क, सार्वजनिक वित्त व्यवस्थापन सुधारका अवधारणा तथा लुम्बिनी प्रदेशको वर्तमान आर्थिक अवस्था, दोस्रो आवधिक योजना, स्रोत उपलब्धता र विकास आवश्यकतालाई दृष्टिगत गरी आगामी आर्थिक वर्ष २०८३/८४ को विनियोजन विधेयक तर्जुमा गर्दा देहायका सिद्धान्तहरू अवलम्बन गरिनेछः

१. **समष्टिगत आर्थिक स्थायित्व र वित्तीय अनुशासनः**

प्रदेशको सीमित आन्तरिक स्रोत, राजस्व प्राप्तिको वर्तमान अवस्था तथा वित्तीय दायित्वलाई मध्यनजर गर्दै बजेटलाई यथार्थपरक, सन्तुलित र कार्यान्वयनयोग्य बनाइनेछ।

चालु खर्चलाई आवश्यक सीमाभित्र राखी पूँजीगत खर्चको प्रभावकारिता अभिवृद्धि गरिनेछ।

सार्वजनिक खर्चमा मितव्ययिता, वित्तीय अनुशासन, पारदर्शिता तथा उत्तरदायित्व कायम गरिनेछ।

लुम्बिनी प्रदेश सरकारको दोस्रो आवधिक योजनाले निर्धारण गरेका सोच, लक्ष्य, रणनीति र प्राथमिकताहरूलाई

प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गरी आगामी आर्थिक वर्षको बजेट तर्जुमा गरिनेछ।

## २. उत्पादन, उत्पादकत्व, रोजगारी र आर्थिक पुनरुत्थानः

कृषिमा आधुनिकीकरण, औद्योगिक विकास, पर्यटन प्रवर्द्धन, सेवा क्षेत्रको विस्तार, ऊर्जा तथा पूर्वाधार विकासमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी प्रदेशको अर्थतन्त्रलाई चलायमान बनाइनेछ।

आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा योगदान गर्ने क्षेत्रलाई विशेष प्राथमिकता प्रदान गरिनेछ।

गरिब, विपन्न, सीमान्तकृत तथा पछाडि पारिएका वर्ग, क्षेत्र र समुदायको रोजगारी तथा आर्थिक गतिविधिमा पहुँच अभिवृद्धि गरी अर्थतन्त्रमा उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

युवा लक्षित सीप विकास, स्टार्टअप, स्वरोजगार तथा नवप्रवर्तनमा आधारित कार्यक्रम सञ्चालन गरी प्रदेशभित्र रोजगारी सिर्जना गरिनेछ।

## ३. डिजिटल रुपान्तरण, सुशासन र गुणस्तरीय सेवा प्रवाहः

नेपाल सरकारद्वारा सञ्चालित डिजिटल रुपान्तरण अभियानसँग तादात्म्यता कायम गर्दै प्रदेशस्तरमा सूचना प्रविधिमैत्री शासन प्रणाली विकास गरिनेछ। प्रदेश सरकारबाट प्रवाह हुने सेवालाई सरल, छिटो, पारदर्शी

तथा नागरिकमैत्री बनाउन ई-गभर्नेन्स प्रणालीको विस्तार गरिनेछ।

कार्यालय व्यवस्थापन, राजस्व प्रशासन, सार्वजनिक खरिद, लेखा व्यवस्थापन तथा सेवा प्रवाहमा डिजिटल प्रणालीको प्रयोग बढाइनेछ।

सार्वजनिक जवाफदेहिता तथा नतिजामुखी प्रशासनलाई प्रवर्द्धन गरिनेछ।

४. **आयोजना छनोट, कार्यान्वयन र स्रोतको व्यवस्थापनः** प्रदेशको सीमित स्रोत तथा बढ्दो विकास आवश्यकतालाई दृष्टिगत गरी आयोजना छनोट गर्दा रणनीतिक महत्वका उच्च प्रतिफलयुक्त आयोजनालाई प्राथमिकता दिइनेछ । बजेट विनियोजनलाई नीति, लक्ष्य, उपलब्धि र कार्यसम्पादनसँग आबद्ध गरिनेछ। न्यून प्रगति भएका आयोजना तथा कम प्रभावकारी कार्यक्रमहरूको पुनरावलोकन गरिनेछ। बहुवर्षीय, रणनीतिक तथा उच्च प्रतिफलयुक्त आयोजनालाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

आयोजना कार्यान्वयनमा देखिएका ढिलासुस्ती, न्यून खर्च क्षमता, ठेक्का व्यवस्थापन र भुक्तानी बाँकीका समस्यालाई सुधार गर्न कार्यान्वयन संयन्त्रलाई जिम्मेवार र सुदृढ बनाइनेछ।

## ५. अन्तरसरकारी समन्वयः

संघ, प्रदेश र स्थानीय तहबीच स्रोत परिचालन तथा योजना कार्यान्वयनमा समन्वय र सहकार्यलाई सुदृढ गरिनेछ। आयोजना छनोट तथा बजेट विनियोजनमा दोहोरोपना हटाई समन्वित विकास प्रणाली अवलम्बन गरिनेछ।

## ६. सामाजिक न्याय, समावेशिता र मानव विकासः

शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, स्वच्छता तथा सामाजिक सुरक्षाजस्ता आधारभूत क्षेत्रमा लगानी वृद्धि गरिनेछ।

महिला, बालबालिका, दलित, आदिवासी जनजाति, थारु, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक तथा विपन्न वर्गको सशक्तीकरणमा केन्द्रित कार्यक्रम सञ्चालन गरिनेछ। मानव विकास सूचकाङ्कमा पछाडि परेका क्षेत्रलाई विशेष प्राथमिकता दिइनेछ।

## ७. दिगो विकास, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनः

आयोजना छनोट तथा कार्यान्वयन प्रक्रियामा जलवायु परिवर्तन अनुकूलन, वातावरण संरक्षण तथा विपद् जोखिम न्यूनीकरणका विषयलाई मूलप्रवाहीकरण गरिनेछ। हरित पूर्वाधार, स्वच्छ ऊर्जा तथा दिगो विकासमैत्री कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। विपद् पूर्वतयारी, उद्धार

तथा पुनःस्थापनाका कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

## ८. राजस्व परिचालन र स्रोत व्यवस्थापनः

प्रदेशको आन्तरिक राजस्व परिचालन क्षमता अभिवृद्धि गरिनेछ। राजस्व प्रणालीलाई सरल, प्रविधिमैत्री तथा करदातामैत्री बनाइनेछ। आन्तरिक स्रोत अभिवृद्धि गर्न काराधार विस्तार गर्ने, कर वक्यौताको लगत कायम गर्ने, स्थानीय तहको क्षमता अभिवृद्धि गरी स्वेच्छिक कर सहभागितालाइ प्रोत्साहन गरिनेछ।

## ९. नागरिक सहभागिता, पारदर्शिता र सार्वजनिक उत्तरदायित्वः

बजेट कार्यान्वयनको प्रक्रियामा सरोकारवाला निकाय, निजी क्षेत्र, नागरिक समाज तथा आम नागरिकको सहभागिता सुनिश्चित गरिनेछ।

सार्वजनिक खर्चलाई पारदर्शी बनाउन सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्षको विनियोजन विधेयक, २०८३ का क्षेत्रगत प्राथमिकताहरू प्रस्तुत गर्न चाहन्छु।

## १. भौतिक पूर्वाधार क्षेत्रको विकासः

प्रादेशिक विकासको दिगोपनालाई केन्द्रमा राख्दै पूर्वाधार विकासमा क्षेत्रीय सन्तुलन कायम गर्ने नीति लिइनेछ। उदियमान बजार केन्द्र तथा स्थानीय तहका केन्द्रहरूलाई जोड्ने प्रादेशिक सडक यातायात गुरुयोजना अन्तर्गतका सडकहरूको विस्तार तथा स्तरोन्नतिको कार्य प्राथमिकताका साथ अघि बढाइनेछ। क्षतिग्रस्त सडक तथा पूर्वाधारहरूको मर्मत, पुनःनिर्माण र स्तरोन्नति गरिनेछ भने जोखिमयुक्त पुलहरूको प्रतिस्थापन वा प्रबलीकरण गरी सुरक्षित यातायात सुनिश्चित गरिनेछ।

प्रदेश परिसरभित्रका सबै भवनहरूको सञ्चालन तथा व्यवस्थापनमा एकद्वार प्रणाली लागू गरिनेछ। त्यसैगरी प्रदेशको समग्र विकासलाई गति प्रदान गर्न आर्थिक,पर्यटकीय तथा औद्योगिक सम्भाव्यताका आधारमा पहुँच मार्गहरूको निर्माणलाई उच्च प्राथमिकता दिइनेछ।

## २. कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण तथा मूल्य शृङ्खला विकासः

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न आधुनिकीकरण र व्यवसायीकरणलाई प्राथमिकता

दिइनेछ। कृषि उत्पादनलाई प्राङ्गारिक प्रणालीतर्फ रूपान्तरण गर्दै रैथाने बाली, पशुपन्छी तथा मत्स्यपालनको विकास र प्रवर्द्धन गरिनेछ।

एकीकृत कृषि—सिँचाइ कार्यक्रममार्फत बाली सघनता र विविधीकरणमा जोड दिइनेछ। व्यावसायिक कृषि तथा पशुपालनका लागि गुणस्तरीय बीउबिजन र प्राविधिक सेवाको सहज पहुँच सुनिश्चित गरिनेछ।

कृषि उपजको ब्राण्डिङ, प्याकेजिङ र मूल्य शृङ्खला विकासलाई प्रभावकारी बनाइनेछ। साथै कृषि उत्पादनलाई उद्योगसँग जोड्दै रोजगारी र आयआर्जन वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।

## ३. सुशासन तथा प्रभावकारी सेवा प्रवाहः

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी र जनमुखी बनाइनेछ। सार्वजनिक सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्दै सेवा प्रवाहलाई छिटो, गुणस्तरीय र प्रभावकारी बनाउन सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ।

संघीय सरकार र स्थानीय तहसँगको समन्वय तथा सहकार्यमार्फत सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ। जनशक्तिको क्षमता विकास र संस्थागत सुदृढीकरणलाई प्राथमिकता दिइनेछ। प्रदेश सरकारबाट एकीकृत तथा प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न एकद्वार सेवा प्रणाली कार्यान्वयन गरिनेछ।

आगामी आर्थिक वर्षको बजेटलाई सुशासन प्रवर्द्धन, गुणस्तरीय सार्वजनिक सेवा तथा आर्थिक, सामाजिक पूर्वाधार विकासमा केन्द्रित गरिनेछ।

## ४. स्वास्थ्य सेवा सुदृढीकरण र पोषण तथा विशेषज्ञ सेवा विस्तारः

स्वास्थ्य सेवालाई थप व्यवस्थित, प्रभावकारी र सुदृढ बनाउन प्रदेश अन्तर्गतका अस्पतालहरूको स्तरोन्नति गरी सेवा विस्तार गरिनेछ। महिला तथा बालबालिकामा देखिने कुपोषण न्यूनीकरणलाई प्राथमिकता दिइनेछ। पोषण सूचक कमजोर भएका क्षेत्रमा पोषण लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

मुटुको भल्भ फेर्ने, मृगौला प्रत्यारोपण, क्यान्सर उपचार तथा आँखाको नानी प्रत्यारोपणजस्ता जटिल उपचारमा आर्थिक सहयोग उपलब्ध गराइनेछ।

स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्दै शारीरिक एवम् मानसिक स्वास्थ्य प्रवर्द्धन गरिनेछ। अस्पतालहरूको भौतिक संरचना, उपकरण, प्रयोगशाला, फार्मेसी तथा विशेषज्ञ सेवाको विस्तार गरिनेछ।

सुरक्षित मातृत्व, बालबालिका तथा किशोरकिशोरी लक्षित खोप लगायतका स्वास्थ्य सेवा सुदृढ गरिनेछ। प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई अनुसन्धान, नियमन तथा रेफरल केन्द्रका रूपमा विकास गरिनेछ। स्वस्थ जीवनशैली, योग, आयुर्वेद एवम् स्थानीय जडिबुटी र

पञ्चकर्म सेवा थप विस्तार गरी प्रादेशिक आयुर्वेद चिकित्सालयहरुलाई आरोग्यकेन्द्रको रुपमा विकास गरिनेछ।

## ५. उद्योग, पर्यटन तथा लगानी प्रवर्द्धनः

प्रदेशको आर्थिक विकासमा उद्योग क्षेत्रको योगदान बृद्धि गर्न स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालनलाई प्रोत्साहन गरिनेछ। निजी क्षेत्रलाई आर्थिक वृद्धिको प्रमुख संवाहकका रूपमा अगाडि बढाउन नीतिगत तथा संरचनागत सुधारमार्फत लगानीमैत्री वातावरण सिर्जना गरिनेछ।

साना तथा मझौला उद्यमहरूको विकास, पूँजीमा पहुँच विस्तार तथा प्रविधि र व्यवस्थापन सुधारका लागि आवश्यक सहजीकरण गरिनेछ। युवालाई उद्यमशीलतामा आकर्षित गर्दै औद्योगिक ग्रामको सञ्चालनलाई प्रभावकारी बनाइनेछ।

वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिको सीप, ज्ञान, पूँजी र प्रविधिलाई उद्यम विकासमा उपयोग गरिनेछ। नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धनमा निजी क्षेत्रसँग सहकार्य गरिनेछ। औद्योगिक उत्पादनको बजारीकरण तथा निकासी प्रवर्द्धनलाई प्राथमिकता दिइनेछ।

पर्यटन क्षेत्रमा धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक गन्तव्यहरूको दिगो विकास, संरक्षण र प्रचार प्रसार गरिनेछ। स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य

गरी भाषा, कला, संस्कृति, सम्पदा तथा रैथाने उत्पादनलाई पर्यटनसँग आबद्ध गरिनेछ। पर्यटकको संख्या वृद्धि र बसाइ अवधि लम्ब्याउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

बुद्ध जन्मस्थल लुम्बिनीलाई बुद्ध दर्शन तथा आरोग्य पर्यटन केन्द्रको रुपमा विकास र प्रवर्द्धन गरिनेछ।

## ६. शिक्षा र खेलकुदः

शैक्षिक पूर्वाधार सुदृढ गर्दै विद्यालय, प्राविधिक शिक्षालय र उच्च शिक्षाको गुणस्तर सुधारलाई प्राथमिकता दिइनेछ। विद्यालय शिक्षालाई पहुँचयोग्य, गुणस्तरीय र समयसापेक्ष बनाउन स्थानीय तहसँग सहकार्य गरिनेछ तथा विद्यार्थी टिकाउने र नतिजा सुधार गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। व्यावसायिक तालिम, प्राविधिक शिक्षा तथा सूचना प्रविधिमा आधारित शिक्षाको विस्तार गरी युवालाई सीपयुक्त, प्रतिस्पर्धी र आत्मनिर्भर बनाइनेछ।

स्थानीय तह तथा समुदायसँगको सहकार्यमा खेलकुद पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ। खेलाडीको प्रशिक्षण र व्यावसायिक क्षमता विकास गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा उत्कृष्ट प्रदर्शन गर्ने प्रतिभावान खेलाडीलाई प्रोत्साहन गरिनेछ। प्रदेशस्तरीय खेलकुद प्रतियोगितालाई प्राथमिकता दिइनेछ।

## ७. सामाजिक न्याय, समावेशीकरण तथा सामाजिक सुरक्षाः

समावेशी विकास र सामाजिक न्याय प्रवर्द्धनका लागि महिला, आदिवासी जनजाति, मधेशी, दलित, थारू, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति तथा पछाडि परेका वर्ग र समुदायको सशक्तीकरण, क्षमता विकास र अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। विभेद, छुवाछुत, कुरीति तथा असमानता अन्त्यका लागि प्रभावकारी कार्यक्रम कार्यान्वयन गरिनेछ।

आधारभूत सामाजिक सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चित गरिनेछ। श्रमिकको सामाजिक सुरक्षा र श्रमको सम्मान गर्ने संस्कृतिको विकास गरिनेछ।

सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमलाई एकीकृत, लक्षित र दिगो बनाउँदै योगदानमा आधारित प्रणालीतर्फ उन्मुख गराइनेछ । सामाजिक सुरक्षाका कार्यक्रम र प्रदेश सरकारबाट उपलब्ध गराइने अनुदान, सुविधा तथा लाभलाई राष्ट्रिय परिचयपत्र प्रणालीसँग आवद्ध गरिनेछ।

## ८. महिला, बालबालिका र ज्येष्ठ नागरिकः

महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको संरक्षण, सशक्तीकरण र उत्थान गरिनेछ। सूचना प्रविधि, शिक्षा र सीपमूलक तालिम विस्तार गरी उद्यमशीलता र स्वरोजगारतर्फ आकर्षित गरिनेछ।

लक्षित समुदायका लागि छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्दै बजार माग अनुसार प्रतिस्पर्धी जनशक्ति उत्पादन गरिनेछ।

ज्येष्ठ नागरिकको ज्ञान, सीप, अनुभव र विज्ञता उपयोगका साथै अन्तरपुस्ता हस्तान्तरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

लुम्बिनी प्रदेशलाई सडक मानवमुक्त प्रदेश घोषणा गरी स्थानीय तह र सरोकारवालासँगको सहकार्यमा दिगोपनाको लागि कार्यक्रम सञ्चालन गरिनेछ।

## ९. खानेपानी, सरसफाइ र स्वच्छताः

खानेपानी सुरक्षा योजनामार्फत स्रोत संरक्षण, पुनर्भरण, गुणस्तर सुधार तथा सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ। फोहरमैला व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग विस्तार गरिनेछ।

स्वच्छ र गुणस्तरीय खानेपानी सुनिश्चित गर्न खानेपानी आयोजनाको निर्माण, विस्तार, स्तरोन्नति र मर्मतसम्भारलाई प्राथमिकता दिइनेछ। स्थानीय तहसँगको सहकार्यमा खानेपानी सेवा प्रदायक संस्थाको संस्थागत क्षमता विकास गर्दै खानेपानी वितरण प्रणालीलाई सुदृढ बनाइनेछ।

## १०. भूमि व्यवस्थाः

भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न संघ र स्थानीय तहसँग समन्वय गरिनेछ। भूमि सम्बन्धी डिजिटल अभिलेख व्यवस्थापन गरिनेछ। भूमि प्रशासनलाई एकीकृत, स्वच्छ, पारदर्शी, प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाइनेछ।

## ११. युवा, सीप विकास तथा रोजगारी प्रवर्धनः

युवा लक्षित उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्दै पुँजी, प्रविधि र बजारमा सहज पहुँच सुनिश्चित गरिनेछ। आन्तरिक रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गरी वैदेशिक रोजगारीप्रतिको बाध्यात्मक निर्भरता क्रमशः कम गरिनेछ।

युवाको सर्वाङ्गीण विकासमार्फत प्रदेशको आर्थिक तथा सामाजिक समृद्धिमा योगदान अभिवृद्धि गर्न प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ। नवप्रवर्तन, उद्यमशीलता र सीपमूलक तालिमलाई प्रोत्साहन गर्दै युवालाई उत्पादनशील क्षेत्रमा आकर्षित गरिनेछ।

## १२. सहकारी सुदृढीकरण तथा गरिबी न्यूनीकरणः

सहकारी क्षेत्रलाई सुदृढ बनाउँदै उत्पादन, प्रशोधन र बजारीकरणमार्फत स्वरोजगार तथा आयआर्जनका अवसर सिर्जना गरिनेछ। सहकारी संस्थाको प्रभावकारी अनुगमन, नियमन र सुपरीवेक्षणमार्फत बचतकर्ताको निक्षेप

सुरक्षालाई सुनिश्चित गरिनेछ। समस्याग्रस्त सहकारीहरूबाट बचतकर्ताको बचत फिर्ता गर्न संघीय निकायसँग समन्वय र सहकार्य गरिनेछ।

बजारको माग अनुसार दक्ष जनशक्ति उत्पादन गर्न सीपमूलक तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। गरिबीको रेखामुनि रहेका विपन्न, अल्पसंख्यक तथा सीमान्तकृत समुदायको सशक्तीकरण र रोजगारीका अवसर विस्तार गर्न प्राथमिकता दिइनेछ।

## १३. ऊर्जा र सिँचाइः

लघु तथा साना जलविद्युत, सौर्य, हरित तथा नवीकरणीय ऊर्जाको विकास र प्रवर्द्धनलाई प्राथमिकता दिइनेछ। प्रदेशका सार्वजनिक निकायहरुमा विद्युतीय सामाग्रीको उपयोगलाइ प्राथमिकता दिइनेछ।

पुराना सिँचाइ आयोजनाहरुको मर्मत सम्भार गर्नुका साथै अधुरा र बहुवर्षीय सिँचाइ आयोजना क्रमशः सम्पन्न गरी कृषियोग्य जमिनमा वर्षभरि सिँचाइ सुविधा विस्तार गर्ने, भूमिगत जलस्रोतमा आधारित सिँचाइ प्रणाली विकास तथा जलस्रोतको दिगो उपयोगलाई प्राथमिकता दिइनेछ।

## १४. वन, पर्यावरण संरक्षण तथा विपद् व्यवस्थापनः

पर्यावरणीय सन्तुलन र अन्तरपुस्ता समन्याय कायम गर्दै प्राकृतिक स्रोतको दिगो उपयोगमा जोड दिइनेछ। वनजन्य उत्पादनको दिगो व्यवस्थापनमार्फत आर्थिक, सामाजिक

तथा वातावरणीय विकासलाई प्रवर्द्धन गरिनेछ। वन व्यवस्थापनमा उपभोक्ता समूह र सरोकारवालाको सहभागिता सुनिश्चित गर्दै वन पैदावारलाई आयआर्जन र रोजगारीसँग आबद्ध गरिनेछ।

बाढी, पहिरो, भू-क्षय, वन डढेलोजस्ता विपद्बाट हुने जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ। विपद् तथा प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त निजी आवास र सार्वजनिक संरचनाको पुनर्निर्माण तथा पुनःस्थापनालाई प्राथमिकता दिइनेछ। वातावरणीय प्रदूषण नियन्त्रणका लागि स्वच्छ तथा वातावरणमैत्री प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

## १५. बजेट प्रणाली तथा आयोजना व्यवस्थापनमा सुधारः

विनियोजन कुशलता र कार्यान्वयन दक्षता अभिवृद्धि गर्दै सीमित स्रोतबाट उच्च प्रतिफल प्राप्त गर्ने नीति अवलम्बन गरिनेछ। पूर्वतयारी सम्पन्न तथा प्राथमिकता प्राप्त आयोजनामा बजेट केन्द्रित गरिनेछ।

प्रदेश गौरवका तथा बहुवर्षीय आयोजना समयमै सम्पन्न गर्न आवश्यक स्रोत सुनिश्चित गरिनेछ। साथै प्रदेश आयोजना बैंकको सञ्चालनमार्फत आयोजना छनोट तथा कार्यान्वयनलाई थप प्रभावकारी बनाइनेछ।

## १६. राजस्व प्रणाली सुदृढीकरण र आन्तरिक आय बृद्धिः

राजस्व सुधार तथा आन्तरिक स्रोत परिचालन सुदृढ गर्न यस अघि गठित आयोग तथा कार्यदलका सिफारिसहरू क्रमशः कार्यान्वयन गरिनेछ। कर प्रणालीलाई समसामयिक, प्रतिस्पर्धी र अन्तरप्रदेशीय रूपमा सामञ्जस्यपूर्ण बनाउँदै करको दायरा विस्तार गरिनेछ। स्थानीय तहको राजस्व क्षमता अभिवृद्धि गरिनेछ। वन क्षेत्र लगायत अन्य सम्भावित स्रोतको प्रभावकारी परिचालन र राजस्व बक्यौताको लगत कायम गरी असुलीमा जोड दिइनेछ।

## १७. सार्वजनिक खर्चमा प्रभावकारिता र आर्थिक अनुशासनः

प्राथमिकता प्राप्त तथा उच्च प्रतिफल दिने क्षेत्रमा पूँजीगत खर्च केन्द्रित गर्दै आय, उत्पादन र रोजगारी वृद्धि गरिनेछ। चालु खर्चमा न्यूनीकरण गर्न प्रदेश सरकारका संगठनको पुनसंरचना गरी जनशक्तिको व्यवस्थापन गरिनेछ।

पूँजीगत खर्चको गुणस्तर अभिवृद्धि गर्न प्रशासनिक निकायको क्षमता विकास गरिनेछ। मानव संसाधन विकास तथा रोजगारी सिर्जनामा योगदान पुग्ने गरी सार्वजनिक खर्चलाई लक्षित र प्रभावकारी बनाइनेछ ।

आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरी सार्वजनिक खर्चमा मितव्ययिता, पारदर्शिता र प्रभावकारिता सुनिश्चित गरिनेछ। स्थानीय तहलाई प्रदान गरिने अनुदानबाट सञ्चालित आयोजनाको भौतिक तथा वित्तीय प्रगतिको अनुगमन

प्रणाली विकास गरिनेछ। कार्य प्रगतिका आधारमा अनुदान हस्तान्तरण गर्ने व्यवस्थालाई थप प्रभावकारी वनाइनेछ।

**माननीय सभामुख महोदय,**

विनियोजन कुशलता, कार्यान्वयन दक्षता र जवाफदेहितामार्फत बजेट प्रणालीमा अनुशासन कायम गर्दै यस विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका आधारमा तर्जुमा हुने बजेटले लुम्बिनी प्रदेशको समग्र विकास, समृद्धि र आर्थिक स्थायित्व कायम गर्न सहयोग पुग्ने विश्वास लिएको छु। सेवा प्रवाहमा सुधार गर्दै नागरिकको विकास र सुशासनप्रतिको आकाङ्क्षा सम्बोधन गर्न यी सिद्धान्त तथा प्राथमिकताले महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरेको छु।

आगामी आर्थिक वर्षको बजेटले लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना अनुसार कृषि, उद्योग, पर्यटन र पूर्वाधारमार्फत "**समृद्ध लुम्बिनी : खुसी नागरिक**" निर्माण गर्ने सोचलाई साकार पार्दै जाने विश्वास व्यक्त गर्दछु।

अन्त्यमा, विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि यस सम्मानित सभामा छलफलको क्रममा माननीय सदस्यहरूबाट प्राप्त हुने विचार, विश्लेषण र सुझावहरूलाई महत्वपूर्ण पृष्ठपोषणको रूपमा लिई विनियोजन कुशलता, कार्यान्वयन दक्षता र जवाफदेहितामार्फत बजेट प्रणालीमा अनुशासन कायम गर्दै आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

धन्यवाद ।

लुम्बिनी प्रदेश सरकार
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

☎ +९७७-०८२-५९०४३७, ५९०४३८, ५९०३९८
E-mail: info.moeap@lumbini.gov.np
Website : moeap.lumbini.gov.np